
# ई-बुलेटिन

वर्ष-१, अङ्क-१, भाद्र-२०७७



## ताराखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## अर्गल, बागलुङ

# ताराखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# अर्गल बागलुङ

सार्वजानिक सेवा प्रति सेवाग्राहीहरुको सूचनाको पहुँच पुर्याउने मुल उदेश्यका साथ चालु आर्थिक वर्ष देखि प्रत्येक महिना गाउँपालिकाले गरेका काम तथा गतिविधिहरुको संगालोको रुपमा यो ई-बुलेटिन प्रकाशित गर्न लागिएको हो । सार्वजानिक सेवा प्रदायक निकायले आफ्ना गतिविधहरु जनता समक्ष सार्वजानिक गर्नु प्रमुख जिम्मेवारी रहेको महसुस गरी यो बुलेटिन प्रकाशित गर्न लागिएको छ । गाउँपालिकालाई यहाँहरुका गुनासा तथा रचनात्मक सुझावहरु ग्रहणीय हुने हुँदा आउदा दिनहरुमा यहाँहरुको सल्लाह सुझावको उपेक्षा गर्दछौं ।

सुझावको लागि

**ito.tarakholamun@gmail.com**

ताराखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्गल बागलुङ





**सामाजिक दुरी कायम गरौं। मास्क र सेनिटाईजरको प्रयोग गरौं । साबुन पानीले हात धुने बानी बसालौं ।**

## प्रशासकीय भवनको सम्झौता र कार्यारम्भ




गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि गत आ.व.मा प्रकाशित सूचना अनुसार प्रतिस्पर्धाको माध्यमबाट श्री निसान आचार्य वि.के. जे.भि. छनौट भएको थियो । उक्त निर्माण कम्पनीसँग रु. ५ करोड १० लाख ४ हजार ७१० रुपैया ६९ पैसा रकममा २ वर्ष भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता सम्पन्न भएको थियो । उक्त निर्माण कम्पनीले हाल प्रशासकीय भवन निर्माणको कार्य शुरु गरेको छ । नेपाल सरकार, गण्डकी प्रदेश सरकार र गाउँपालिकाको संयुक्त लगानीमा उक्त प्रशासकीय भवन निर्माण कार्यको थालनी भएको हो ।

## विपद् व्यवस्थापन कोषको आम्दानी र खर्च सार्वजनिक



तारारखोला गा.पा.को आर्थिक वर्ष २०७६/०७७ मा गाउँपालिकाको विपद् व्यवस्थापन कोष खाता (नं.१६७०१०९८५१०००००३३) मा भएको आम्दानी र खर्चको विवरण यस प्र

| सि. नं. | आम्दानी विवरण | रकम रु. |
|---|---|---|
| | गाउँपालिकाको आन्तरिक रकमबाट गाउँकार्यपालिकाको निर्णयानुसार | ५,००,०००।- |
| | गण्डकी प्रदेश सरकारको सहयोग | ५,००,०००।- |
| | गाउँपालिकाको आन्तरिक रकमबाट गाउँसभाको निर्णयानुसार | १५,२८,०५६।- |
| | संघीय सरकारबाट कोरोना नियन्त्रण तथा राहत वितरण एवम् क्वारेन्टिन व्यवस्थापन बापत सहयोग | २,२१,२७५।- |
| | जीत बहादुर खत्री (४ नं. वडा अध्यक्ष) को जन्मदिनको अवसरमा पदम खत्री (ने.क.पा.अध्यक्ष) को सहयोग | १५,०००।- |
| | प्रमुख प्रशासकीय अधिकृतको सहयोग | ५,५५५।- |
| | CYC सहकारी संस्था | २०,०००।- |
| | कार्यालयका कर्मचारीहरुको तर्फबाट | १,००,६८१।- |
| | CYC लघुवित्तको सहयोग | १०,०००।- |
| | ताराखोला समाज जापानबाट सहयोग | १३,११,५००।- |
| | मोहन नाउसा मगर र नरदेवि पुनको सहयोग | २०,०००।- |
| | दलित उत्थान सामुदायिक विकास मञ्चको तर्फबाट | ४,०००।- |
| | विन्दु घर्ति र कमला थापा (MIS Operator/Field Assistant) | ५,४८०।- |
| | सुमेग टुर्स एण्ड ट्राभल्सको तर्फबाट | २,००,०००।- |
| | नेपाल मा. वि. का शिक्षकहरुको तर्फबाट | ६७,२१०।- |
| | सूर्य थापा (खा.पा.स.टे.) तर्फबाट | २,६६१।- |
| | सामुदायिक विकास प्रा.वि. का शिक्षकहरुको तर्फबाट | ११,७५०।- |
| | जुल्फे प्रा.वि. का शिक्षकहरुको तर्फबाट | ७,०००।- |
| | प्रमुख प्रशासकीय अधिकृतको पुरस्कार बापतको रकम | ५,२५०।- |
| | दिपक खड्काको पुरस्कार बापतको रकम | ५,२५०।- |
| | छन्त्याल समाज ताराखोला गा.पा. | १५,०००।- |
| | युवावर्ष प्रा.वि. का शिक्षकहरुको तर्फबाट | ४,१००।- |
| | अमर प्रा.वि. का शिक्षकहरुको तर्फबाट | ४,५००।- |
| | अमित बाल विकास | ३,०००। |
| | स्थानीय विकास साझेदारी कार्यक्रम अन्तर्गतको बाँकी रकम | ७,७३,७९४.३१।- |
| | धर्मदत्त उपाध्यायबाट सहयोग | ५,०००।- |
| | श्री बहादुर खत्री (हाल जापान) बाट सहयोग | १०,०००।- |
| | हरि मा.वि. का शिक्षकहरुको तर्फबाट | १५,७१०।- |
| | जम्मा | ५३,७१,७७२.३१ |
| | जम्मा बचत | २४,८६,७४७.३१ |

| सि.नं. | खर्च विवरण | रकम रु. |
|---|---|---|
| | वडा नं. १ देखि ५ सम्म राहत वितरण | ४,८५,१२६।- |
| | क्वारेन्टिन व्यवस्थापन (क्वारेन्टिनमा बसेकाहरुको खाना लगायतको खर्च) | ११,१३,२७६।- |
| | VTM, मास्क, सेनिटाइजर, थर्मोगन, PPE, म्याट्रेस, डसना लगायत स्वास्थ्य सुरक्षा सामग्री खरिद र उद्धार तथा स्वाव संकलन, संक्रमित व्यक्ति ओसारपसार गर्दाको गाडी भाडा | ११,४०,८७३।- |
| | क्वारेन्टिनमा खटिएका स्वयम सेवकहरुको भत्ता भुक्तानी | १,४३,६००।- |
| | अनुगमन खर्च | २,१५०।- |
| | जम्मा खर्च | २८,८५,०२५।- |

ताराखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्गल, बागलुङ

विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीको समयमा नेपाल सरकारले गरेको लकडाउनको कारण समस्यामा परेका मजदुरहरुलाई राहत वितरण, भारत लगायत तेश्रो मुलुकबाट गाउँपालिकामा प्रवेश गर्न चाहने गाउँपालिकाका बासिन्दाहरुको उद्धार, क्वारेन्टिन व्यवस्थापन स्वा संकलन तथा परिक्षणमा पठाउने कार्य लगायतमा खर्च गर्ने गरी विभिन्न व्यक्ति/संस्था र गाउँपालिकाले जम्मा गरेको रकम हालसम्म रु. ५३ लाख ९१ हजार ७७२ रुपैया संकलन भएकोमा आर्थिक वर्ष २०७६।०७७ असार मसान्त सम्म २८ लाख ८५ हजार २५ रुपैया खर्च भई हाल रु २५ लाख ६ हजार ७ सय ४७ रुपैया बचत रहेको छ ।

## प्रमुख सडकहरुको विस्तृत परियोजना अध्ययन सम्पन्न



गाउँपालिकाको चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अनुसार घुस्मेली सभाहल-भातखाने डाँडा देखि १ नं. वडा कार्यालय (शहिद मार्ग) जोड्ने सडक, लालचोक देखि करिमेला सम्मको बाटो स्तरोन्नतीको लागि विनियोजित रकमबाट ठेक्का प्रतिस्पर्धाको आधारमा काम गर्ने उद्देश्यले सडकको पिच सम्मको अवस्थामा पुर्याउन लाग्ने लागत, ड्रइङ्ग, डिजाइन गर्न बाटोको सर्वेक्षणको कार्य सम्पन्न भएको छ । विस्तृत प्रतिवेदन प्राप्त भएपछि ठेक्का प्रतिस्पर्धाको कार्य अगाडि बढाइने भएको छ ।

## सांस्कृतिक संग्रालय निर्माणको ठेक्का सम्झौता

गाउँपालिकाको परम्परागत जीवनशैली, कला संस्कृतिको जगेर्ना गरी भावी पुस्तालाई परिचित गराउनुको साथै पर्यटन प्रवर्द्धनमा टेवा पुर्याउने उद्देश्यले साँस्कृतिक संग्राहलय निर्माण कार्यको थालनी गरिएको छ । गत आर्थिक वर्षमा ठेक्का सम्झौता भएको उक्त संग्रालय २ वर्षमा कार्य सम्पन्न हुनेछ । संग्रालयको कुल लागत रु. २ करोड २५ हजार रहेको छ । संग्राहलयको निर्माण गर्न गण्डकी प्रदेश सरकार र संघीय सरकारबाट सहयोग प्राप्त भएको छ । उक्त सहयोग रकममा गाउँपालिकाले थप गरी निर्माण कार्य सम्पन्न गरिनेछ । संग्रालयमा निर्माणको जिम्मा जुम्ली निर्माण सेवाले प्राप्त गरेको छ ।

### करारमा कर्मचारी भर्ना गर्न सूचना प्रकाशन

गाउँपालिकाको स्वास्थ्य शाखामा रिक्त रहेको कम्युनिटी नर्सिङ अधिकृत छैठौं र **SBA** अ.न.मी. पदको लागि करारमा पदपूर्ति गर्न विज्ञापन प्रकाशित गरिएको छ ।

## एम्बुलेन्स खरिद प्रकृया अगाडि बढाइएको

गल्कोट समाज जापानको आर्थिक सहयोगमा गाउँपालिकामा एम्बुलेन्स खरिद गरी सञ्चालन गर्न कुल लागत अनुमान १० लाख ५० हजार ५ सय ५० मा एम्बुलेन्स खरिद प्रकृयामा अन्तिम चरणमा पुगेको छ । विक्रेतासँग सम्झौताको लागि पत्राचार भईसकेको र कर छुटको प्रकृया टुङ्गिएपछि गाउँपालिकामा यथाशिघ्र एम्बुलेन्स प्राप्त हुनेछ ।

## कृषि उद्यमशीलता तथा रोजगार कार्यक्रम




गाउँपालिकाको चालु आ.व. मा कृषि र पशु सेवा अन्तर्गत व्यवासायिक कृषि/ पशुपालन प्रवर्द्धन गरी रोजगारी सृजना गर्न नमूना कृषि फर्म स्थापना, पकेट विकास कार्यक्रम लगायत कार्यक्रमको लागि संघीय सरकारबाट समपूरक अनुदानको रुपमा प्राप्त १ करोड ५५ लाख तथा गाउँपालिकाको थप १ करोड २९ लाख ३५ हजारबाट व्यवसायिक कृषि तथा पशुपालन तर्फ आकर्षित गरी अनुदान तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने योजना रहेको छ । उक्त कार्यक्रम चालु आ.व.मा सम्पन्न गर्न गाउँपालिकाका प्रत्येक वडाका कृषकहरुलाई भेला गराई अध्यक्षज्यू समेतको उपस्थितिमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । कृषकहरु उक्त कार्यक्रममा सहभागी हुन उत्साहित रहेको पाईएको छ ।

## रेडियो सब-स्टेशन स्थापनाको लागि अन्तरक्रिया

गाउँपालिकामा गल्कोट एफ.एम.को सब स्टेशन स्थापना गरी गाउँपालिकामा रेडियोको पहुँच पुर्याउन चालु आ.व.मा वियोजित रकमबाट अर्गलमा सब स्टेशन स्थापना गर्न सरोकारवाला पक्षहरुसँग अन्तरक्रिया र स्थान अवलोकन गरिएको छ । छिट्टै सब-स्टेशन स्थापनाको लागि गल्कोट एफ.एम. सँग सम्झौता गर्ने तयारी रहेको छ ।

## सडक मर्मत



भारी वर्षाको कारण भातखाने डाँडा देखि लालचोक तथा भातखाने डाँडा देखि शिले हुँदै रिजालचोक र हिल देखि करिमेला सम्मको सडक हिलो जम्मा भई अवरुद्ध भएकोले चालु आ.व.को सडक सफा गर्न विनियोजित बजेटबाट प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आवद्ध गरी ढुंङ्गा सोलिङ्ग र गिट्टी विच्छ्याउने कार्य भैरहेको छ । उक्त सडक मर्मतको लागि केही ट्याक्टरहरुले गाउँपालिकाले तेल व्यहोर्ने गरी एक दिन ढुङ्गा ढुवानी गर्न सहयोग गरेका थिए ।

## निःशुल्क प्राथमिक उपचार किट वितरण




गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट खर्च व्यहोर्ने गरी महिला स्वास्थ्य स्वयंसेविका, विद्यालय, स्वास्थ्य चौकी, सवारी चालक आदि व्यक्ति तथा संस्थालाई निशुल्क प्राथमिक उपचार किट वितरण गर्ने कार्य सम्पन्न भएको छ । रु २ लाख लागतमा २०० वटा किट वितरण गर्न वेलनेश हेल्थ संस्थाले गाउँपालिकासँग सम्झौता गरेको थियो ।

## खेलकुद मैदान (रंगशालाको सर्वेक्षण)

गत आर्थिक वर्षमा संघीय सरकारबाट सशर्त अनुदानको रुपमा प्राप्त रु. ४०,००,०००।— रुपैयाबाट दोगाडीमा खेलकुद मैदान निर्माण गर्न पर्खाल लगाउने कार्य सम्पन्न भएको थियो । चालु आ.व. मा उक्त खेलमैदानको विस्तृत सर्वे, डिजाइन गरी कार्य गर्न उक्त खेलकुद मैदानको सर्वेक्षणको कर्य सम्पन्न भएको छ । ड्रइङ्ग डिजाइन र लागत अनुमान सहितको **DPR** प्राप्त भएपछि खेलकुद मैदान निर्माणको लागि ठेक्का प्रकृया अगाडि बढाइने कार्यक्रम रहेको छ ।

## विपद् व्यवस्थापन कोषमा सहयोग प्राप्त



नेपाल कांग्रेस बागलुङ र यसका भातृ संगठनको तर्फबाट विपद् व्यवस्थापन कोष खातामा रु. २०,०००।— सहयोग प्राप्त भएको छ । उक्त सहयोग रकम नेपाली कांग्रेस तरुण दलका प्रदेश समिति सदस्य मञ्जेश बम मल्लले गाउँपालिकाका अध्यक्ष प्रकाश घर्ति मगरलाई हस्तान्तरण गर्नुभएको थियो ।

## परिवार नियोजनको स्याटलाईट क्याम्प सम्पन्न




गाउँपालिकाको वडा नं.२ मा मेरी स्टोप बागलुङको सहयोगमा परिवार नियोजनका अस्थाई साधन आई.यू.सि.डि. र इम्प्लान्ट लगाउने कार्य सम्पन्न भएको छ । उक्त क्याम्पमा २५ जना महिलाहरुलाई अस्थाई साधन लगाईएको थियो ।

तारखोला गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अर्गल, बागलुङ

प.सं.०७७।०७८ गण्डकी प्रदेश नेपाल ।
च.नं.

मिति : २०७७।०५।०२

**कोभिड-१९ नियन्त्रण सम्बन्धी सूचना**

देशव्यापी रुपमा फैलिएको कोरोना भाईरसको संक्रमण हाल बढ्दो क्रममा रहेको छ । ताराखोला गाउँपालिकामा हालसम्म विदेशबाट आएर क्वारेन्टीनमा रहेका केही व्यक्तिहरुमा बाहेक अन्य व्यक्ति र स्थानहरुमा कोरोना भाइरसको संक्रमण देखिएको छैन । गाउँपालिका क्षेत्र भन्दा बाहिर अनावश्यक हिडडुल गर्ने र अन्यत्र स्थानबाट गाउँपालिकामा प्रवेश गर्ने व्यक्तिहरुबाट संक्रमण भित्रिने सम्भावनालाई मध्यनजर गरी देहाय बमोजिम गर्नु गराउनुहुन यो सार्वजानिक सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

१. अन्य स्थानबाट गाउँपालिका क्षेत्रमा प्रवेश गर्ने व्यक्तिहरुले जुन वडामा प्रवेश गर्ने हो सोही वडाका वडा अध्यक्ष (याम बहादुर श्रीस -९८५७६६११२१, भद्र बहादुर घर्ति – ९८५७६६११२२, दिल बहादुर बस्नेत – ९८५७६६११२३, जीत बहादुर खत्री – ९८५७६६११२४, राम बहादुर रोका – ९८५७६६११२५ क्रमश वडा नं.१ देखि ५ सम्म) सँग सम्पर्क गरेर मात्र प्रवेश गर्ने ।

२. विदेशबाट आएका व्यक्तिहरुले अनिवार्य रुपमा गाउँपालिकाले तोकेको क्वारेन्टिनमा बस्नुपर्ने भएकोले गाउँपालिका क्षेत्रभित्र प्रवेश गर्नु अघि गाउँपालिकाको कोभिड-१९ फोकल पर्सन (दिपक खड्का - ९८५८०७७५८८) सँग सम्पर्क गर्ने।

३. आफ्नो वडा/टोलहरुमा बाहिरबाट कुनै व्यक्ति आएको जानकारी भएमा तुरुन्त गाउँपालिका वा वडा अध्यक्षहरुसँग सम्पर्क गरी जानकारी दिने तथा अनावश्यक रुपमा हिडडुल र जमघट नगर्ने तथा मेला पर्व जात्रा आदिमा सहभागी नहुने ।

............................
(रामप्रसाद शर्मा)
प्रमुख प्रशासकीय अधिकृत

website:- www.tarakholamun.gov.np Email.id :- ito.tarakholamun@gmail.com

# ताराखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय,
अर्गल, बागलुङ
गण्डकी प्रदेश, नेपाल ।

प.सं. ०७७।०७८
च.नं.

मितिः२०७७।०५।१५

### करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।
(प्रथम पटक सूचना प्रकाशित मितिः २०७७/०५/१५)

यस कार्यालयको लागि देहाय बमोजिमको पदमा करारमा कर्मचारी नियुक्ति गर्नुपर्ने भएकोले तपशिल बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न बमोजिमको कागजात सहित यस कार्यालयमा वा ito.tarakholamun@gmail.com मा राजस्व तिरेको भौचर वा नगद तिरेको विल सहित निवेदन पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क्र.स. | विज्ञापन नं. | पद | संख्या | योग्यता | दस्तुर | मासिक तलब सुविधा |
|---|---|---|---|---|---|---|
| १. | ०४-०७७-०७८ | ना.प.से.प्रा. | १ | मान्यता प्राप्त शिक्षण संस्था बाट पशुपालन जे.टि.ए. वा सो सरह उत्तीर्ण गरेको । | ४००।- | स्थानीय तहको सहायक चौथो तह सरह । |

संलग्न गर्नुपर्ने कागजातहरुः

- व्यक्तिगत निवेदन
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- शैक्षिक योग्यता, तालिम प्रमाणपत्र र अनुभव प्रमाणपत्रको प्रतिलिपि
- उमेर हदः १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको

Sharma.
राम प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

छनोट विधी

- गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी नियुक्ति गर्ने सम्बन्धी कार्यविधी,२०७६ बमोजिम।
- परीक्षा दस्तुर ताराखोला गाउँपालिकाको प्रभु बैंक तारखोला शाखा बागलुङमा रहेको खाता नं. १६७०१०९८५१००००१३ मा जम्मा गर्न सकिनेछ ।

# तारारखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय,
अर्गल, बागलुङ

गण्डकी प्रदेश, नेपाल।

प.सं.०७७।०७८

च.नं.

## सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना

प्रथम प्रकाशित मितिः २०७७/०५/१२

यस गाउँपालिकामा पहिरोको जोखिम न्यूनिकरण गर्नका लागि तपसिल वमोजिम ग्याविन जाली खरिद गर्नु पर्ने भएकोले रजिष्टर्ड फर्महरुबाट सिलबन्दी दरभाउपत्र आवेदन आव्हान गरिन्छ । आवेदन साथ फर्म दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्र तथा नविकरण गरिएका प्रमाणित कागजातहरू संलग्न गर्नु पर्नेछ ।

तपसिल

| क्र.स. | कामको विवरण | सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | सिलबन्दि दरभाउपत्र बुझाउने अन्तिम मिति | जमानत अंक रु. | लागत अनुमान (मू.अ.क. सहित) रु. |
|---|---|---|---|---|---|
| १ | बिभिन्न साइजका ग्याविन जाली खरिद गरि सप्लाई गर्ने | २०७७/०५/२४ | २०७७/०५/२५ | २५,०००।- | १०,००,०००।- |

सञ्चित कोष खाता नं.-१६७०१०९८५१०००१३ (दरभाउपत्र खरिदको लागि)

धरौटी खाता नं.-१६७०१०९८५१००००२३ (धरौटीको लागि)

सिलबन्दी दरभाउपत्र खोल्ने मिति र समयः २०७७/०५/२५ गते दिनको २:०० बजे

बिस्तृत जानाकारीको लागिः ९८५७६६१११४

..........................................

राम प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत

राम प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत